नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६४४ मिति २०७२/०४/२९

इजाजतपत्र प्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरु ।

विषय :- रजिष्ट्रेशन शुल्क तथा पूर्वसञ्चालन खर्च बैंकिङ्ग च्यानल मार्फत् भित्र्याई लगानी रकममा गणना गर्ने सम्बन्धमा ।

महाशय,

नेपालमा शत्प्रतिशत लगानीमा व्यवसाय सञ्चालन गर्न चाहने विदेशी लगानीकर्ताले संस्था दर्ता गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाउनुपर्ने रजिष्ट्रेशन शुल्क तथा पूर्व सञ्चालन खर्चको लागि कम्पनीको चुक्ता पुँजीको १ प्रतिशत सम्म रकम लगानीकर्ता वा स्थानीय आधिकारिक प्रतिनिधि/एजेण्टको नाउँमा बैंकिङ्ग च्यानलमार्फत् अग्रिम भित्र्याउन पाउने र सो रकम संस्था दर्ता, तथा विदेशी लगानीको स्वीकृति भई लगानी भित्रिएपश्चात् लेखापरीक्षकबाट खर्च प्रमाणित गरिए बमोजिमको रकम विदेशी लगानी रकममा गणना गर्ने व्यवस्था गरिएको छ । यसरी भित्रिएको रकमको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले उक्त उद्योग विदेशी लगानीमा दर्ता भएपछि विद्यमान व्यवस्था बमोजिम सो रकमको लागि पनि विदेशी पुँजी लगानीको प्रमाणपत्र जारी गर्नु पर्ने हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय ।
५. श्री नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग ।
६. नेपाल सरकार, लगानी बोर्डको कार्यालय ।
७. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८. श्री बैंक सुपरिवेक्षण विभाग ।
९. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
१०. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
११. श्री सूचना प्रविधि विभाग ।
१२. श्री नेपाल बैंकर्स संघ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन ।
१४. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१५ श्री नेपाल उद्योग परिसंघ ।